# न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

स्थानीय 'ग' वर्गमा वर्गीकृत




"बा: एक योद्धा", फिल्ममा फरकपन छ - सुहाना (पृष्ठ ३ मा)

❖ वर्ष ६ ❖ अंक ६ ❖ २०८३ भदौ १० गते बुधबार ❖ Wednesday, 26 Aug, 2026 ❖ मूल्य रू. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)

# चितवनमा जेईको सङ्क्रमण उच्च

## देशभर २१ जनाको मृत्यु

**- बबिलाल तामाङ**

भरतपुर। चितवनलगायत देशभरका ३६ जिल्लामा जापानिज एन्सेफलाइटिस (जेई) सङ्क्रमण फैलिएको छ। साउनयता देशभर २१ जनाको मृत्यु भएको छ। चितवनमा तीन जनामा सङ्क्रमण पुष्टि भएको छ। जसमा भरतपुर महानगरका दुई र माडी नगरपालिकाका एक जना रहेका छन्।

जनस्वास्थ्य कार्यालय चितवनका भेक्टर कन्ट्रोल निरीक्षक रामकुमार केसी भन्छन्, 'यस आर्थिक वर्षको साउनयता चितवनमा तीन जनामा जापानिज एन्सेफलाइटिसको सङ्क्रमण देखिएको छ।' यही अनुपातमा सङ्क्रमणको दर कायम रहेमा सङ्क्रमणको संख्या बढ्ने भएकाले सजगता अपनाउनुपर्नेमा उनले जोड दिए।

जनस्वास्थ्य कार्यालयको तथ्याङ्कअनुसार सन् २०२१ देखि २०२५ सम्ममा चितवनमा छ जनाले जेईका कारण ज्यान गुमाएका थिए। सन् २०२४ मा एक जना र २०२५ मा पाँच जनाले ज्यान गुमाएका थिए।



गत आर्थिक वर्ष २०८२/०८३ मा चितवनका १६ जनामा जेई सङ्क्रमण पुष्टि भएको थियो।

विशेषगरी साउनदेखि कात्तिकसम्म जेई सङ्क्रमणको उच्च जोखिम हुने भए सजगता अपनाउनुपर्ने उनले बताए। उनले गत वर्ष वैशाखमा जेईविरूद्ध चितवनमा खोप लगाइएको र यस आर्थिक वर्षमा पनि खोप कार्यक्रमलाई निरन्तरता दिने बताए। चितवनलाई उच्च जोखिममा राखेर खोप अभियान सञ्चालन गरिने उनको भनाइ छ।

जापानिज इन्सेफलाइटिस साँझपख वा झिसमिसे बिहानीमा बढी सक्रिय हुने क्युलेक्स स्पेसिसले सङ्क्रमित सुँगुर, बङ्गुर, हाँस वा जङ्गली चरालाई टोकेर मानिसमा सर्ने रोग हो।

यसबाट कृषि क्षेत्र बढी प्रभावित हुने भएकोले काम गर्दा सजगता अपनाउनुपर्छ। प्रकोपप्रभावित क्षेत्रमा यात्रा गर्ने तथा १५ वर्षमुनिका बालबालिकामा पनि बढी जोखिम हुने गर्दछ।

शरीर कमजोर तथा कम्पन हुनु, उच्च ज्वरो आउनु, टाउको दुख्नु, वाकवाकी लाग्नु, अर्धचेत वा बेहोस हुनु आदि जापानिज इन्सेफलाइटिसका लक्षण हुन्। यस्तो समस्या देखिएमा तुरून्त स्वास्थ्यकर्मीसँग परामर्श लिनुपर्ने उनले बताए।

# देवघाटको सडक वर्षौंदेखि बेहाल

## वडामा बजेट अभाव, निर्माणमा सकस

**- विना तामाङ**

भरतपुर। भरतपुर महानगर-पालिका वडा नं. १ स्थित



पवित्र धार्मिक तथा सामाजिक क्षेत्र देवघाटमा रहेको कच्ची सडक वर्षौंदेखि जीर्ण रहँदा स्थानीयवासी, विद्यार्थी तथा भक्तजनहरूले सास्ती व्यहोर्नु परेको छ।

सो अन्तर्गत पर्ने संस्कृत माध्यमिक विद्यालय (पूर्वी भाग) को कच्ची सडकदेखि जानकी बालिका आश्रम (कन्या गुरुकुल), बौद्ध अन्त्येष्टि स्थलहुँदै नागकुण्ड नजिकसम्मको करिब १ किलोमिटर सडकखण्ड लामो समयदेखि स्तरोन्नति हुन सकेको छैन।

उक्त सडक खण्ड पक्की नहुँदा बर्खायाममा हिलाम्मे भएर सवारी साधन तथा पैदल यात्रीलाई आवतजावत गर्न कठिन हुने गरेको छ भने गर्मीमा अत्यधिक धुलो उड्दा सर्वसाधारण र स्थानीयको स्वास्थ्यमा प्रत्यक्ष असर परिरहेको छ।

विशेषगरी दैनिक रूपमा विद्यालय जाने साना बालबालिका, जानकी बालिका आश्रमका आश्रमवासी, बौद्ध अन्त्येष्टि स्थलमा आउने सर्वसाधारणका साथै नागकुण्ड र देवघाट क्षेत्रमा आउने धार्मिक पर्यटक एवं दर्शनार्थीहरूले यो कच्ची सडकका कारण ठूलो समस्या भोग्नुपरेको छ।

(बाँकी ५ पेजमा)

# विपन्नकी सारथि रेखा कृषि पेशातर्फ आकर्षित

## ९ रोपनी जग्गामा कालो बेसार, आठ महिलालाई रोजगारी

**- मेकना तामाङ**

भरतपुर। गोरखाकी युवा रेखा तामाङ लोप्चन लामो समयदेखि सामाजिक सेवाको क्षेत्रमा सक्रिय रहँदै आएकी छन्। आर्थिक रूपमा पछाडि परेका, विपन्न तथा असहाय क्षमताले भ्याएसम्म सहयोग गर्ने अभियानमा सक्रिय छिन्।

दुर्गम बस्तीमा बसोबास गर्ने नागरिकका लागि शिक्षा, स्वास्थ्य, खाद्यान्न, लत्ताकपडा तथा दैनिक जीवनका आधारभूत निरन्तर सम्बन्ध हो। उनी आदिवासी जनजाति युवा महासंघसँग आबद्ध रहँदै आएकी छन्। सन् २०२५ मा सम्पन्न महासंघको महाधिवेशनबाट उनी केन्द्रीय सचिवमा निर्वाचित भएकी थिइन्।



नागरिकको जीवनमा सानो सहयोगले पनि ठूलो परिवर्तन ल्याउन सकिन्छ भन्ने सोचका साथ उनी निरन्तर सामाजिक कार्यमा जुटिरहेकी छन्।

यही सोचलाई व्यवहारमा उतार्दै लोप्चन विशेषगरी देशका विकट तथा पहाडी भूभागमा बसोबास गर्ने चेपाङ, गरिब तथा विपन्न परिवारसम्म पुगेर उनीहरूको समस्या बुझ्ने र आफ्नो आवश्यकतासमेत ठूलो चुनौती बन्ने गरेका छन्। यस्तो अवस्थामा आवश्यकताको पहिचान गरी सम्बन्धित परिवारसम्म पुगेर सहयोग गर्नु उनको सामाजिक सक्रियताको महत्वपूर्ण पक्ष बनेको छ।

लोप्चनको सामाजिक यात्राको अर्को महत्वपूर्ण पाटो आदिवासी जनजाति समुदायसँगको

चेपाङ समुदायसँग सम्बन्धित विभिन्न कार्यक्रममा समेत उनको सक्रिय सहभागिता रहँदै आएको छ। सन् २०२४ मा नेपाल चेपाङ संघ समाजवादीले आयोजना गरेको कार्यक्रममा उनलाई युवा संघ नेपालकी केन्द्रीय स्थायी कमिटी सदस्यका रूपमा सम्मान

(बाँकी ५ पेजमा)

# बकुलहर अस्पतालमा सेवाग्राहीको चाप बढ्दै

रत्ननगर। बकुलहर रत्ननगर अस्पतालमा सेवाग्राहीको चाप बढ्दै गएको छ। यहाँ विगत तीन आर्थिक वर्षमा बिरामीको संख्या निरन्तर बढ्दै गएको छ।

गत आवमा यस अस्पतालको बहिरङ्ग सेवामा मात्र तीन लाख १७ हजार २६६ बिरामीले सेवा लिएका थिए। अस्पतालको तथ्याङ्कअनुसार आव २०८१-०८२ मा दुई लाख ९६ हजार ५३८ तथा आव २०८०-०८१ मा दुई लाख ४५ हजार ६९४ बिरामीले बहिरङ्ग सेवाबाट उपचार लिएका थिए। यहाँ दैनिक एक हजार २०० जनाले बहिरङ्ग सेवाबाट उपचार लिने गरेको अस्पतालका जनस्वास्थ्य निरीक्षक पुष्पराज आचार्यले जानकारी दिए। अस्पतालले अहिले बहिरङ्ग सेवाबाट २० प्रकारका उपचार सेवा दिँदै आएको छ।

अस्पतालमा आउने बिरामीमध्ये ८५ प्रतिशत बिरामी स्वास्थ्य बिमाका रहेका छन्। उनका अनुसार गत आवमा दुई लाख ९५ हजार ४९ जनाले स्वास्थ्य बिमाबाट सेवा लिएका थिए। अस्पतालको आकस्मिक कक्षमा उपचारका लागि आउने बिरामीको चाप पनि बढ्दै गएको छ। आकस्मिक कक्षमा आव २०८०-०८१ मा १८ हजार १०७ जनाले सेवा लिएकामा आव २०८१- ०८२ मा २३ हजार ४६० र गत आवमा २७ हजार ६६ जनाले सेवा लिएका जनस्वास्थ्य निरीक्षक आचार्यले बताए।

आकस्मिक कक्षमा उपचारका लागि आएका बिरामीमध्ये आव २०८०-०८१ मा तीन हजार ९८० जना, आव २०८१-०८२ मा चार हजार ५२० र गत आवमा चार हजार ६८५ जनाले भर्ना भएर सेवा लिएका थिए।

यस अस्पतालमा प्रसूति सेवा लिने बिरामीको संख्या पनि बढ्दो क्रममा रहेको छ। अस्पतालका अनुसार आव २०८०-

(बाँकी ५ पेजमा)


## नागरिक मैत्री : सार्वजनिक सेवा

❖ सेवाग्राहीप्रति सम्मान, शिष्टता र सम्मान व्यवहार गरौं,
❖ छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
❖ सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रुपमा उपलब्ध गराऔं
❖ प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
❖ सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
❖ सुशासन, इमानदारिता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं,
❖ सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं।

सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग

## सम्पादकीय

# जेईविरुद्ध खोप अभियान थालौँ

नेपालमा जापानिज इन्सेफलाइटिस (जेई) सङ्क्रमणले फेरि एकपटक गम्भीर सार्वजनिक स्वास्थ्य चुनौतीको रुप लिएको छ । देशका २५ जिल्लाका ५९ स्थानीय तहमा ८० जनामा सङ्क्रमण पुष्टि भइसकेको छ भने २१ जनाले ज्यान गुमाइसकेका छन् । यी तथ्याङ्कहरु कुनै साधारण आँकडा नभई हाम्रो स्वास्थ्य प्रणाली, पूर्वतयारी र राज्यको जवाफदेहितामाथि उठिरहेका गम्भीर प्रश्नहरु हुन् । परिवार कल्याण महाशाखाको पछिल्लो प्रतिवेदनअनुसार सङ्क्रमण पुष्टि भएका बिरामीमध्ये ८६ प्रतिशत र ज्यान गुमाउनेहरु सबैले जेईविरूद्धको खोप नगलाएको पाइएको छ । जेई केस हालसम्म सबैभन्दा बढी झापामा १०, कैलाली र मोरङमा सात–सात, सप्तरी र कन्चनपुरमा छ–छ तथा चितवन, सुनसरी र नवलपरासीपूर्वमा पाँच–पाँच रहेका छन् । यस तथ्याङ्कले रोगको प्रकोपभन्दा पनि खोप अभियान र जनचेतनाको पहुँचमा देखिएको ठूलो रिक्तता प्रस्ट्याउँछ । पहिले बालबालिकामा सीमित यो रोग अहिले ५० वर्षभन्दा माथिका वयष्क तथा ज्येष्ठ नागरिकहरुमा बढी घातक बन्दै गएको छ । मृत्यु भएकामध्ये अधिकांश ५० वर्ष माथिका हुनुले स्वास्थ्य नीतिमा तत्काल नयाँ र लक्षित रणनीति अपनाउनु पर्ने टड्कारो आवश्यकता देखाएको छ ।

झापा, मोरङ, कैलाली, सप्तरी, कञ्चनपुर, सुनसरी, चितवनलगायतका तराई तथा भित्री मधेसका जिल्लाहरुमा सङ्क्रमणको दर उच्च रहेको छ । मुख्यतया तराई क्षेत्रमा केनि□त देखिए तापनि यो रोग अब इलाम, काभ्रे, काठमाडौं र सुर्खेतजस्ता पहाडी जिल्लाहरुमा समेत फैलिसकेको छ । क्युलेक्स जातको संक्रमित लामखुट्टेको टोकाइबाट सर्ने यो रोग विशेषगरी धानखेत तथा सुँगुर, बंगुरपालन गरिने क्षेत्र आसपासका बासिन्दाहरुमा बढी देखिएको छ । सङ्क्रमण जनावरलाई टोकेको लामखुट्टेले मानिसलाई टोक्दा यो भाइरस सहजै सर्ने गर्दछ । जेईको सङ्क्रमण भएका प्रत्येक तीन जनामध्ये एक जनाको मृत्यु हुने र एक जना दीर्घकालीन अपाङ्गता वा स्नायुसम्बन्धी समस्यासहित बाँच्नुपर्ने जोखिम रहने अध्ययनले देखाएको छ । उच्च ज्वरो आउने, टाउको दुख्ने, बेहोस हुने वा झट्का आउने जस्ता लक्षण देखिएमा घरेलु उपचारमा समय नफारी तुरून्त नजिकैको स्वास्थ्य संस्थामा लैजानुपर्ने हुन्छ । स्वास्थ्यसेवा भनेको केवल अस्पतालमा उपचार गर्नु मात्र होइन, नागरिकलाई महामारीबाट जोगाउनु पनि हो । तर, सरकार र सम्बन्धित निकायहरु प्रशासनिक अन्योलतामा अल्झिनु दुःखद पक्ष हो ।

सरकारले ढिलाइ नगरी जेई सङ्क्रमणका विरूद्ध ठोस कदम चाल्नुपर्ने देखिन्छ । सङ्क्रमण पुष्टि भएका र उच्च जोखिममा रहेका जिल्लाहरुमा तत्काल जेईविरूद्धको विशेष खोप अभियान व्यापकरुपमा सञ्चालन गर्नैपर्छ । खोप नलगाएका व्यक्तिहरु नै यसको उच्च जोखिममा रहेको दृष्टान्तले वयष्क तथा ज्येष्ठ नागरिकलाई लक्षित गरी खोपको दायरा फराकिलो बनाउनु अपरिहार्य भइसकेको छ । यसका साथै, लामखुट्टेको बासस्थान नष्ट गर्ने, सरसफाइमा ध्यान दिने, सुँगुर तथा बङ्गुर पालन क्षेत्रको वैज्ञानिक व्यवस्थापन गर्ने र समुदायस्तरमा प्रभावकारी जनचेतना फैलाउनु पर्छ । सञ्चारमाध्यम, विद्यालय, स्वास्थ्यकर्मी र स्थानीय तहलाई यो अभियानमा सक्रियरुपमा जोड्न सकिए मात्र सङ्क्रमणको शृङ्खलालाई तोड्न सकिन्छ । स्वस्थ नागरिकबिना समृद्ध राष्ट्रको कल्पना गर्न सकिँदैन । तसर्थ, सरकारले स्वास्थ्यलाई राष्ट्रिय प्राथमिकतामा राखेर तत्काल प्रभावकारी कदम चाल्न सकेन भने रोकथाम गर्न सकिने यो रोगबाट थप नागरिक गुमाउनु राज्यको अक्षम्य असफलता ठहरिने छ । नागरिकको जीवन रक्षाभन्दा ठूलो अरु कुनै पनि विषय हुन सक्दैन, त्यसैले जिम्मेवार निकायले गम्भीर भएर तत्काल कदम चाल्नु जरुरी देखिएको छ ।

# महाप्रस्थान: कविताबाट जीवनको अन्तिम सत्यतर्फ

- ई. विजयराज भट्टराई

## विचार



केही समयअघि कवि रमेश गुरुङको कविता सङ्ग्रह महाप्रस्थानसँग मेरो एउटा अप्रत्याशित र भावनात्मक संयोगबाट भेट भयो। अमेरिकी-नेपालीहरूको संस्था एएनएमा सँगै सामाजिक सहकार्यबाट परिचित हुँदै गहिरिएको हाम्रो आत्मीयता पछिल्लो २/३ वर्षदेखि आ-आफ्नै व्यस्तताले पातलिएको थियो।

एक दिन अग्रज मित्र रमेश गुरुङले अचानक म्यासेन्जरमा मेरो घरको ठेगाना सोध्नुभयो। मैले पनि किन, कसो केही नसोधी ठेगाना लेखिदिएँ। उहाँले पनि केही बताउनुभएन। केही दिनपछि हुलाकबाट एउटा पत्र मेरो घरमा आइपुग्यो। खाम खोलेँ। भित्र एउटा सुन्दर हार्डकभर पुस्तक थियो - महाप्रस्थान।

त्यति बेलासम्म मलाई रमेशजीले कविता सङ्ग्रह प्रकाशित गर्नुभएको छ भन्ने जानकारीसमेत थिएन। त्यति मात्र होइन, झण्डै ४-५ वर्ष एउटै संस्थामा बसेर काम गरे पनि हाम्रा साहित्यिक कुराहरू खासै भएनछन्। मलाई उहाँको साहित्यिक गहिराइका बारेमा हेक्कै रहेनछ।

पुस्तक हातमा लिएँ, आवरण हेरेँ र केही कविता पढौँला भनेर पाना पल्टाउन थालेँ। तर केही कविता पढेपछि 'केही कविता' भन्ने उद्देश्य आफैँ हरायो। म क्रमशः पुस्तकभित्र प्रवेश गरिसकेको थिएँ। एउटा कविताले अर्को कवितातर्फ डोर्‍याउँदै गयो र अन्ततः सङ्ग्रहका सबै कविता पढेर मात्र पुस्तक बन्द गरेँ।

पुस्तक बन्द गर्दा मनमा पहिलोपटक आएको अनुभूति थियो- यो केवल कविता सङ्ग्रह मात्र होइन रहेछ। यो त जीवनलाई बाहिरबाट हेर्ने होइन, जीवनभित्रै पसेर त्यसलाई बुझ्ने प्रयास रहेछ। त्यसपछि मैले रमेश गुरुङलाई केवल मित्रका रूपमा मात्र होइन, एउटा कविका रूपमा पनि नयाँ ढङ्गले चिन्न थालेँ।


'महाप्रस्थान' आफैँमा अत्यन्त अर्थपूर्ण शीर्षक हो। नेपाली सांस्कृतिक चेतनामा यो शब्द सुन्नासाथ महाभारतको अन्तिम यात्राको स्मरण हुन्छ- सांसारिक मोह, वैभव र सम्बन्धहरूलाई पछाडि छोडेर अन्तिम यात्रातर्फ अघि बढ्ने यात्रा। त्यसैले 'महाप्रस्थान' शब्दमा मृत्युको सङ्केत मात्र छैन; त्यसभित्र त्याग, आत्मबोध, अस्तित्वको खोजी र अन्तिम सत्यको सामना गर्ने साहस पनि अन्तर्निहित छ। रमेश गुरुङले आफ्नो कविता सङ्ग्रहको शीर्षकका रूपमा यही शब्द चयन गर्नुले कृतिको मूल चेतनातर्फ सङ्केत गर्छ।

तर महाप्रस्थानलाई केवल मृत्युको कविता सङ्ग्रहका रूपमा बुझ्नु यस कृतिको आयामलाई सीमित गर्नु हुनेछ। यहाँ मृत्यु अन्त्य मात्र होइन, जीवनलाई बुझ्ने एउटा माध्यम बनेर आएको छ।

जीवनको अन्तिम सत्यतर्फ हेर्दा कवि फेरि जीवनकै सुरुवात, अर्थ, सम्बन्ध, मोह, पीडा, स्मृति र मानवीय संवेदनातर्फ फर्किन्छन्। मृत्युको अनिवार्यतालाई स्वीकार गर्ने क्रममा जीवनको मूल्य अझ गहिरो भएर प्रकट हुन्छ। यही कारणले महाप्रस्थान पढ्दा मृत्युको चर्चा भएर पनि निराशा पैदा हुँदैन; बरु आफ्नै जीवनतर्फ फर्केर हेर्ने इच्छा जाग्छ।

असल साहित्यले पाठकलाई सधैँ उत्तर दिँदैन। कहिलेकाहीँ उसले पाठकको मनमा त्यस्ता प्रश्नहरू जन्माउँछ, जसको उत्तर खोज्ने यात्रा पुस्तक पढिसकेपछि सुरु हुन्छ। महाप्रस्थानको सबैभन्दा ठूलो शक्ति यही प्रश्नशीलता हो। हामी कहाँबाट आएका हौँ? कहाँ जाँदैछौँ? जीवनमा हामीले जे प्राप्त गर्न खोजिरहेका छौँ, त्यसको अन्तिम अर्थ के हो? समयसँगै हराउँदै जाने उपलब्धि, पद, प्रतिष्ठा, सम्पत्ति र सम्बन्धहरूको बीचमा मानिसको वास्तविक परिचय के हो? अनि सबै कुरा छोडेर जानुपर्ने अन्तिम क्षणमा मानिससँग बाँकी रहने कुरा आखिर के हो?

यी प्रश्नहरू कुनै दार्शनिक ग्रन्थका जटिल प्रश्नजस्ता लाग्दैनन्। कवितामार्फत ती आफ्नै जीवनका




प्रश्न बनेर पाठकसामु आउँछन्। यही कारणले महाप्रस्थानको दार्शनिकता बोझिलो छैन। विचारले कवितालाई थिचेको छैन; बरु अनुभूतिले विचारलाई जन्म दिएको छ। जीवनलाई भोगेर, समयलाई नजिकबाट नियालेर, सम्बन्धका उतारचढावलाई महसुस गरेर र अस्तित्वका प्रश्नहरूसँग जुधेर आएको दर्शन कवितामा स्वाभाविक रूपमा अभिव्यक्त भएको अनुभूति हुन्छ।

कविताको अर्को महत्त्वपूर्ण पक्ष यसको मानवीय संवेदना हो। मानिसको जीवन केवल दर्शन र विचारले मात्र बनेको हुँदैन। त्यसमा प्रेम हुन्छ, पीडा हुन्छ, बिछोड हुन्छ, स्मृति हुन्छ, आशा हुन्छ र कहिलेकाहीँ शब्दले व्यक्त गर्न नसक्ने मौनता पनि हुन्छ। महाप्रस्थानका कवितामा यही मानवीय तह बलियो देखिन्छ। कविता पढ्दै जाँदा कतै आफ्नै जीवनका घटनाहरूको सम्झना आउँछ, कतै पुराना सम्बन्धहरू आँखाअगाडि आउँछन्, कतै समयले छोडेका घाउहरू फेरि महसुस हुन्छन्। यही भावनात्मक स्पर्शले कवितालाई पाठकको निजी अनुभवसँग जोडिदिन्छ।

कविता तब मात्र प्रभावशाली हुन्छ, जब कविको अनुभूति पाठकको अनुभूति बन्न पुग्छ। महाप्रस्थानमा यही सम्भावना देखिन्छ। कविले आफ्ना प्रश्न लेखेका छन्, तर ती प्रश्न कविमै सीमित रहँदैनन्। पढ्दै जाँदा ती पाठकका प्रश्न बन्न थाल्छन्। कविले आफ्नो जीवनलाई हेरेका छन्, तर त्यसमा पाठकले आफ्नो जीवनको प्रतिबिम्ब भेट्न सक्छ। यही नै कविताको वास्तविक शक्ति हो।

आधुनिक जीवनको एउटा विडम्बना पनि यस कृतिको सन्दर्भमा उल्लेखनीय लाग्छ। मानिस आज संसारसँग पहिलेभन्दा धेरै जोडिएको छ, तर आफूभित्र भने पहिलेभन्दा धेरै एक्लो हुन सक्छ।

प्रविधिले दूरी घटाएको छ, सूचना हातमै आएको छ, संसारको कुनै पनि कुनासँग क्षणभरमै सम्पर्क गर्न सकिन्छ। तर आफ्नै मनसँग संवाद गर्ने समय भने कम हुँदै गएको छ। महाप्रस्थानले पाठकलाई यही हराउँदै गएको आत्मसंवादतर्फ फर्काउने काम गर्छ। बाहिरी संसारबाट भित्र पस्ने, भीडबाट आफूलाई अलग्याएर आफ्नै अस्तित्वलाई नियाल्ने र 'म को हुँ?' भन्ने सरल तर गहिरो प्रश्नसँग सामना गर्ने अवसर यी कविताले दिन्छन्।

यस अर्थमा महाप्रस्थान एउटा बाहिरी यात्रा होइन, भित्री यात्रा हो। यो शरीरबाट मनतर्फ, मनबाट चेतनातर्फ र चेतनाबाट आत्मबोधतर्फ अघि बढ्ने यात्रा हो। त्यसैले 'महाप्रस्थान' यहाँ मृत्युको पर्याय मात्र रहँदैन; यो मानिसले आफ्नो जीवनलाई गहिरोसँग बुझ्न सुरु गरेको क्षणको नाम पनि बन्न पुग्छ।

रमेश गुरुङको साहित्यिक यात्रालाई प्रवासको सन्दर्भबाट अलग गरेर हेर्न पनि मिल्दैन। अमेरिकामा बसेर नेपाली भाषामा निरन्तर साहित्य सिर्जना गर्नु आफैँमा महत्त्वपूर्ण सांस्कृतिक कर्म हो।

प्रवासले मानिसको भूगोल परिवर्तन गर्छ, तर भाषा, स्मृति, संस्कार र भावनाले बनाएको मातृभूमिको भूगोल सजिलै परिवर्तन हुँदैन। बरु दूरी बढ्दै जाँदा कतिपय स्मृतिहरू अझ गहिरा हुन्छन्।

आफ्नो जन्मभूमिबाट हजारौँ माइल टाढा बसेर मातृभाषामा कविता लेख्नु केवल साहित्य सिर्जना गर्नु मात्र होइन, आफ्ना सांस्कृतिक जरा र भावनात्मक पहिचानसँग निरन्तर संवाद गरिरहनु पनि हो।

प्रवासको जीवनले मानिसलाई दुई संसारको बीचमा उभ्याउँछ। एकातिर जन्मभूमिको स्मृति र अर्कोतिर कर्मभूमिको वर्तमान; एकातिर बाल्यकाल र विगत, अर्कोतिर आधुनिक जीवन र भविष्य; एकातिर आफ्ना जरा र अर्कोतिर नयाँ संसार। यस्तो जीवनानुभूतिको तहले कविको चेतनामा स्वाभाविक रूपमा प्रश्न जन्माउँछ। महाप्रस्थानका कवितामा यही व्यापक मानवीय र अस्तित्वगत प्रश्नहरूको प्रभाव भेटिन्छ। यस दृष्टिले यो केवल प्रवासमा लेखिएको कविता सङ्ग्रह मात्र होइन; प्रवासमा निर्माण हुँदै गएको नेपाली मनोविज्ञान र चेतनाको एउटा साहित्यिक अभिव्यक्ति पनि हो।

कविताको भाषा र शैलीको चर्चा गर्दा यसको सरलता र गहिराइबीचको सम्बन्ध महत्त्वपूर्ण देखिन्छ। दार्शनिक विषयलाई कवितामा उतार्दा धेरैपटक भाषा जटिल बन्न सक्छ र विचारले भावनालाई विस्थापित गर्न सक्छ। तर महाप्रस्थानको प्रभाव त्यसको भावनात्मक आधारमा टिकेको छ। दर्शन यहाँ पाठकलाई प्रभावित गर्न प्रदर्शन गरिएको छैन; जीवनका अनुभूतिहरूबाट स्वाभाविक रूपमा निस्किएको देखिन्छ। त्यसैले पाठकले कवितामा 'दर्शन' पढिरहेको भन्दा ' जीवन' पढिरहेको अनुभूति गर्छ।

साहित्यिक कृतिको मूल्याङ्कन गर्दा त्यसले कति कुरा भन्यो भन्दा पनि त्यसले पाठकको मनमा कति कुरा बाँकी राख्यो भन्ने प्रश्न अझ महत्त्वपूर्ण हुन्छ। महाप्रस्थान पढिसकेपछि धेरै प्रश्नहरू बाँकी रहन्छन्। सायद त्यसैले यो पुस्तक पढेर सकिँदैन। यसको वास्तविक यात्रा त पुस्तक बन्द गरेपछि सुरु हुन्छ। पाठक आफ्नो जीवनतर्फ फर्किन्छ, आफ्ना सम्बन्धहरूलाई फेरि सम्झन्छ, आफ्नो समयलाई नियाल्छ र आफूले दौडिरहेको बाटोको अर्थ खोज्न थाल्छ।

मेरो लागि महाप्रस्थानको सबैभन्दा ठूलो विशेषता यही पाठकीय अनुभूति हो। मैले यो पुस्तक कुनै समीक्षा लेख्ने उद्देश्यले पढेको थिइनँ। मैले त मित्रले पठाएको उपहारका रूपमा पुस्तक खोलेको थिएँ। तर पुस्तकले मलाई मित्रको उपहारभन्दा धेरै कुरा दियो। एउटा आत्मसंवाद दियो, जीवनका केही पुराना प्रश्न सम्झाइदियो र कवि रमेश गुरुङलाई नयाँ दृष्टिले चिन्ने अवसर दियो।

सायद यही कारणले मलाई महाप्रस्थानको आगमनको कथा पनि यसको कविताजत्तिकै प्रिय लाग्छ। लेखकले पुस्तक पठाउने कुरा बताउनुभएन, मात्र म्यासेज गरेर "तपाईंको घरको ठेगाना?" भनेर सोध्नुभयो। मैले पठाइदिएँ। हुन सक्छ त्यसबेला हामी दुवै व्यस्त थियौँ। केही दिनपछि पुस्तक आइपुग्यो। त्यो सानो रहस्यले एउटा सुन्दर साहित्यिक भेट जन्मायो। मैले मित्रको हातबाट पुस्तक लिएको होइन; हुलाकको खामबाट एउटा कविको अन्तरात्माको संसार प्राप्त गरेँ।

कहिलेकाहीँ मानिसलाई उसको बोलीले भन्दा उसको लेखाइले बढी चिनिन्छ। दैनिक जीवनमा हामी कसैलाई मित्र, सहकर्मी वा परिचितका रूपमा चिन्छौँ। तर जब उसको पुस्तक हातमा आउँछ, उसको भित्र लुकेको अर्को मानिससँग भेट हुन्छ। महाप्रस्थान पढेपछि रमेश गुरुङसँगको मेरो परिचय पनि त्यही अर्थमा विस्तार भयो। मित्रका रूपमा चिनेको मानिसभित्र एउटा संवेदनशील, प्रश्नाकुल, दार्शनिक र जीवनको गहिराइ खोजिरहेको कवि रहेछ भन्ने अनुभूति भयो।

अन्तमा, महाप्रस्थानलाई म केवल कविताको पुस्तकका रूपमा होइन, कविताबाट जीवनको अन्तिम सत्यतर्फ जाने एउटा आत्मिक यात्राका रूपमा हेर्छु।

पुस्तक बन्द गरेपछि यात्रा सकिँदैन। बरु त्यहीँबाट सुरु हुन्छ, आफूतर्फ फर्किने यात्रा।

बाहिरको संसारबाट भित्रको संसारतर्फ।

प्रश्नबाट आत्मबोधतर्फ।

जीवनबाट जीवनकै अर्थतर्फ।

र अन्ततः

महाप्रस्थानका लागि कवि रमेश गुरुङलाई यो अर्थपूर्ण कृतिका लागि हार्दिक बधाई तथा नेपाली भाषा, साहित्य र संस्कृतिको सेवामा उहाँको निरन्तर साहित्यिक यात्राका लागि हार्दिक शुभकामना ।

# ग्रीनल्यान्ड स्कुलमा नेपाली सेनाको एनसिसी तालिम

भरतपुर। नेपाली सेनाले देशभर सञ्चालन गर्दै आएको सिनियर नेसनल क्याडेट कोर (एनसिसी) तालिम भरतपुरको ग्रीनल्यान्ड पब्लिक स्कुलमा सुरू भएको छ।

नेपाली सेनाको भरतपुरस्थित नयाँ सबुज गणसँगको समन्वयमा आयोजित तालिमको गुल्मपति प्रमुख सेनानी सुदीप तामाङ, स्कुलकी प्राचार्य इन्दिरा कार्की र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजकुमार कार्कीले संयुक्तरुपमा उद्घाटन गरे।

तालिममा स्कुलबाट छनोट भएका ३० जना विद्यार्थी सहभागी छन्। जसमा छात्र र छात्रा समान १५-१५ जना रहेका छन्।

एक सय दिनको तालिम अवधिमा विद्यार्थीहरुलाई सैनिक कला, विपद् व्यवस्थापन, नेतृत्व बिकासलगायतका विषय सिकाइने छ। एक सय दिनको अवधिमध्ये ७९ दिन स्कुलमा नै तालिम दिइने छ। बाँकी २१ दिन भने राष्ट्रिय सेवा दलको तालिम शिक्षालयमा सामूहिक बन्द प्रशिक्षण हुनेछ।

तालिम उद्घाटन गर्दै गुल्मपति तामाङले तालिमको उद्देश्य र प्रकृतिको विषयमा सहभागी विद्यार्थीहरुलाई जानकारी गराउँदै तालिमले विद्यार्थीको आत्मविश्वास बढाउने, राष्ट्रप्रेम जागृत गर्ने र नेतृत्व क्षमता विकास गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे।

नेपालमा विसं २०२२ सालदेखि सुरू भएको राष्ट्रिय सेवा दल तालिममा हालसम्म सिनियर डिभिजनतर्फ १५ हजार २१५ र जुनियर डिभिजनमा ७४ हजार ६७९ जना गरी ८९ हजार ८९४ जना विद्यार्थी सहभागी भएका छन्।

तालिमले विद्यार्थीमा राष्ट्रप्रेम, नेतृत्व विकाससँगै चौतर्फी विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने स्कुलकी प्राचार्य कार्कीले बताइन्। उद्घाटनमा तालिममा सहभागी ३० जना विद्यार्थीका अभिभावकहरु पनि सहभागी थिए। देशका ७७ वटै जिल्लामा नेपाली सेनाको व्यवस्थापनमा प्रत्येक वर्ष एनसिसी तालिम सञ्चालन भइरहेको छ।




# १६ वटै स्वास्थ्य संस्थाको मासिक समीक्षा

रत्ननगर। रत्ननगर नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा साउन महिनाको मासिक समीक्षा तथा कार्यसम्पादन प्रगति विवरणबारे सोमबारबार छलफल तथा अन्तर्क्रिया गरिएको छ। कार्यक्रममा १६ वटै वडाका आधारभूत स्वास्थ्यकेन्द्र तथा स्वास्थ्यचौकी प्रमुखहरुले आआफ्नो वडामा भए-गरेका स्वास्थ्यसम्बन्धी अद्यावधिक विवरण प्रस्तुत गरेका थिए।

सो अवसरमा प्रमुख प्रशासकीय अधिकृत प्रकाश खनालले स्वास्थ्यसम्बन्धी प्रगति विवरण समयमै अद्यावधिक गर्न र नगरवासीलाई उत्कृष्ट सेवा प्रवाह गर्न स्वास्थ्यकर्मीहरुलाई सुझाव दिए। उनले सम्पूर्ण स्वास्थ्यकर्मीहरुलाई लगाव, क्षमता र अनुभव लगाएर काम गर्न सुझाव दिँदै सोही आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्ने बताए। उनले भने, 'तपाईंहरु स्वास्थ्यका सूचकहरुलाई ध्यानमा राखेर काम गर्नुहोस्। कार्यसम्पादन मूल्याङ्कनबाट काम गर्नेलाई गरौँ-गरौँ बनाउन र काम नगर्नेलाई मन लाग्ने बनाउन प्रेरित गर्ने भएकाले सोहीअनुसार उत्कृष्ट कर्मचारीको छनोट हुनेछ।'

उनले उनले स्वास्थ्यकेन्द्र र स्वास्थ्यचौकीमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य शाखासँग समन्वय गरी आपसी सहयोग र राय लिई स्वास्थ्यसेवाका सूचकहरुको अद्यावधिक गर्न निर्देशन दिए।

स्वास्थ्य शाखा प्रमुख एवम् जनस्वास्थ्य अधिकृत माधवप्रसाद पौडेलले स्वास्थ्यकर्मीहरुले प्रस्तुत गरेको प्रगति विवरणबारे समीक्षा गर्दै कमिकमजोरी सुधार गरी अगाडि बढ्न सबै स्वास्थ्यकर्मीहरुमा आग्रह गरे।

सो अवसरमा सामाजिक विकास समितिका संयोजक सोहेन्द्रराज खरेलले स्वास्थ्यकर्मीहरुले विगतमा गरेका कार्यसम्पादन प्रशंसायोग्य रहेको बताउँदै स्वास्थ्यको क्यालेन्डरअनुसार तोकिएका काम र जिम्मेवारी समयमै पूरा गरी नगरवासीलाई गुणस्तरीय सेवा प्रवाह गर्न जोड दिए।

स्वास्थ्य शाखाका सहसंयोजक वासुदेव सापकोटाले सहजीकरण एवम् सञ्चालन गरेको कार्यक्रममा १६ वटै वडाका स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको थियो।

सो अवसरमा स्वास्थ्य शाखा प्रमुख माधवप्रसाद पौडेल र स्वास्थ्यचौकी तथा नगर स्वास्थ्यकेन्द्रका प्रमुख एवम् प्रतिनिधिबीच कार्यसम्पादन सम्झौता गरिएको थियो।

फोन : ९८४६४७५३४१
९८४६८५२९१५

गोरखा फेन्सी

भरतपुर-११, बसेनी



हामीकहाँ आदिवासी जनजातिका भेषभूषा तथा महिलाका तयारी पोशाकहरु सुपथ मूल्यमा पाइन्छ।

# स्वास्थ्य/खेलकुद



## वीरेनुन एक, फाइदा अनेक

काठमाडौं। हामीले प्रायः खाने समुद्री नुनमा प्रदूषित पदार्थ हुन्छ। त्यसैले, यसलाई प्रशोधन गरिन्छ। प्रशोधन गर्दा पनि नुनमा विभिन्न विकार पदार्थ रहन्छन्। जसले शरीरमा समस्या सिर्जना गर्छ। यसको सट्टा प्राकृतिक बिरेनुन प्रयोग गर्दा राम्रो हुन्छ। उच्च हिमाली भूभागबाट संकलन गरी पूर्ण रूपमा सफा गरेर बिरेनुन तयार पारिएको हुन्छ। यसले विभिन्न स्वास्थ्य समस्यालाई नियन्त्रण गर्नेसमेत काम गर्छ।



औषधीय गुण

- बिरेनुनको नियमित सेवनले बाथ, पित्त र कफलाई नियन्त्रणमा राख्ने काम गर्छ। यसमा सोडियमको मात्रा कम हुने भएकाले उच्च रक्तचापका बिरामीलाई पनि लाभदायक हुन्छ।

- बिरेनुनले पेटमा भएका विषाक्त तत्वलाई बाहिर निकाल्ने काम गर्छ। जसले गर्दा ग्यास्ट्रिक, कब्जियत, अम्लीयपनलगायत समस्याबाट छुट्कारा मिल्छ। यसरी बिरेनुनले पेटलाई स्वस्थ र सशक्त राख्ने काम गर्छ। खाना पचाउनमा यसको महत्वपूर्ण भूमिका हुन्छ।

- बिरेनुनमा प्रशस्त मात्रामा सल्फर, आइरनलगायत शरीरलाई आवश्यक खनिज तत्व हुन्छन्। जसका कारण मोटोपना, खराब कोलस्ट्रोल, श्वासप्रश्वाससम्बन्धी समस्याबाट बचाउने काम गर्छ। त्यस्तै, यसको सेवनले मधुमेह, आर्थराइटिस, प्यारालाइसिस, रक्तअल्पता ९एनिमिया०, रक्तश्राव, कपाल झर्ने, जोर्नी दुख्ने र आन्द्रासम्बन्धी समस्यालाई पनि नियन्त्रण गर्नमा भूमिका खेल्छ।

- यसले धातुबाट हुने असरबाटसमेत बचाउँछ। त्यस्तै, छालालाई नरम, स्वस्थ, सुन्दर राख्न पनि मद्दत गर्छ।

- यसको सेवनले कुष्ठरोग, दाद वा छालासम्बन्धी रोगबाट समेत टाढा रहन सकिन्छ। बिरेनुनलाई जुनसुकै तरिकाले पनि प्रयोग गर्न सकिन्छ। प्राकृतिक बिरेनुनले खानालाई सुरक्षित राख्ने काम गर्छ। यसलाई टेबुल साल्टका रूपमा वा साँध्ने खालका खानामा सोझै प्रयोग गर्न सकिन्छ। यसलाई पानीमा मिसाएर पनि प्रयोग गर्न सकिन्छ।

- त्यस्तै, मनतातो पानीमा प्राकृतिक बिरेनुनको मिश्रण गरी नुहाएमा शरीरमा लाभ मिल्छ।

- दाँत, गिजा, जिब्रो, घाँटी आदिमा समस्या उत्पन्न भएमा तोरीको तेलमा बिरेनुनको मिश्रण गरी सफा गर्न सकिन्छ। यसले दाँतलाई चम्किलो बनाउनुका साथै मुखसम्बन्धी अन्य समस्याबाट पनि मुक्त हुन्छ।

- दिसा पातलो हुने समस्या भएमा प्याजलाई मसिनो गरी काटेर बिरेनुन र कागतीको रस एक चम्चा मिसाई प्रयोग गर्दा तत्कालै राहत महसुस हुन्छ। यो समाग्री नयाँ पत्रिकाबाट लिएको हो।

## सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**निःशुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरू**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं।

भरतपुर महानगरपालिका
कृषि तथा पशुपन्छी
व्यवसाय प्रवर्द्धन शाखा

Cell: 9845067414

B. & B. Media Network [P.] Ltd.

Bharatpur, Chitwan

Remember for :

Visiting card
Wedding card
Number Plate
Color Print
Nylon Stamp
Bill/Receipt
Computer Design
Flex/Photo Print
All kinds of Printing Job

# निजी 'प्लस टु'का आंशिक शिक्षकहरु आन्दोलित

भरतपुर। भरतपुरका विभिन्न निजी कलेजमा 'टेन प्लस टु' तहमा अध्यापनरत आंशिक शिक्षकहरू श्रम शोषण भएको भन्दै आन्दोलनमा उत्रिने भएका छन्। शनिबार भरतपुरस्थित फोर सिजन पार्टी प्यालेसमा भेला भएका ५४ जना आंशिक शिक्षकले 'निजी दुई आंशिक प्राध्यापक हकहित सङ्घर्ष समिति, भरतपुर (चितवन)' गठन गर्दै चरणबद्ध आन्दोलन अघि बढाउने निर्णय गरेका हुन्।

भूमिश्वर गैरेको अध्यक्षतामा गठित सङ्घर्ष समितिको उपाध्यक्षमा भरत भट्ट, सचिवमा कृष्णप्रसाद रेग्मी, सहसचिवमा अस्मिता पङ्गनी र कोषाध्यक्षमा मोहन श्रेष्ठ चयन भएका छन्।

समितिको सल्लाहकार संयोजकमा मार्तण्ड पौडेल, सल्लाहकारहरूमा रीना गिरी, श्रीकृष्ण अधिकारी, श्रीकृष्ण पौडेल र राजु विकलगायत ३० जना पदाधिकारी, सदस्य तथा सल्लाहकार रहेका छन्।

शिक्षकहरूले सरकारले सातामा दुई दिन बिदा दिने व्यवस्था गरेपछि निजी कलेजहरूले आंशिक शिक्षकको छ पिरियडबराबरको एक फ्ल्याटलाई पाँच पिरियडमा समायोजन नगरी श्रम शोषण गरेको आरोप लगाएका छन्।

उनीहरूले पाँच पिरियडलाई एक फ्ल्याट मानेर पारिश्रमिक दिनुपर्ने माग गरेका छन्।

कार्यक्रममा बोल्दै शिक्षक भरत भट्टले पाँच पिरियडको एक फ्ल्याट कायम गर्नुपर्ने माग नै अहिलेको मुख्य मुद्दा भएको बताए। उनका अनुसार यो अभियान सञ्चालकविरुद्ध नभई श्रमजीवी शिक्षकको न्यायका लागि गरिएको आन्दोलन हो।

शिक्षक रवि पौडेलले सञ्चालकहरूले आंशिक शिक्षकलाई सम्मानपूर्वक व्यवहार गर्नुपर्नेमा हेप्ने प्रवृत्ति देखिएको बताए। उनले भने, 'हामीलाई सञ्चालकहरूले कसरी 'हेर्छन्' भन्ने भन्दा पनि कसरी 'हेप्छन्' भन्ने जल्दोबल्दो समस्या हो।'

अस्मिता पङ्गेनीले विद्यालय तहमा नियमानुसार तलब प्राप्त भए पनि १०+२ मा आइतबारको बिदाको रकम कटाएर तलब दिइँदा शिक्षकहरूमाथि अन्याय हुने बताइन्। कलेजले अभिभावकबाट लिने शिक्षण शुल्कमा कमी नगरे पनि शिक्षकको पारिश्रमिक कटौती गर्नु अन्यायपूर्ण भएको उनको भनाइ छ। उनले यस्तो प्रवृत्तिले देशमै बसेर काम गर्ने सोच भएका युवालाई निरुत्साहित गर्दै बौद्धिक पलायन बढाउन सक्ने चिन्ता व्यक्त गरिन्।

शिक्षक सरोज लामाले धेरै निजी कलेजमा मानव संशाधन (एचआर) विभागसमेत नभएको र जागिर छाड्दा अनुभवपत्र लिन पनि समस्या हुने गरेको बताए। उनले शिक्षक-कर्मचारीलाई प्रत्येक महिना नियमित तलब दिनुपर्ने माग गरे। अर्का शिक्षक शम्भु बर्तौलाले आफूहरूले अरूलाई अन्याय नगर्न सिकाउने भए पनि शिक्षक स्वयम् नै ठगिनुपरेको गुनासो गरे। शिक्षक कृष्ण पौडेलले विगतका शिक्षक आन्दोलन र अभियानबाट पाठ सिक्दै यसपटक एकताबद्ध भएर अघि बढ्नुपर्ने बताए।

शिक्षकहरूले माग सम्बोधनका लागि महानगरपालिका, जिल्ला प्रशासन कार्यालय र सम्बन्धित निकायमा जाने तथा आवश्यक परे कक्षा बहिष्कार र 'पेन डाउन'सम्मका कार्यक्रम सञ्चालन गर्ने बताए।

सङ्घर्ष समितिले आगामी सोमबार हिसानमा मागपत्र बुझाउने र बिहीबार कालोपट्टी बाँधेर अध्यापन गर्ने कार्यक्रम तय गरेको छ। माग सम्बोधन नभए अर्को सातादेखि सम्पूर्ण आंशिक शिक्षकले 'पेन डाउन' गर्ने चेतावनी समितिले दिएको छ।

सङ्घर्ष समितिका अनुसार भरतपुरस्थित अरोमा स्कुल, अर्किड स्कुल र नारायणी पब्लिक स्कुलले छ पिरियडबराबर एक फ्लाट मानेर तलब भुक्तानी गरेका छन्। यी स्कुलको मनोमानी आफूहरूलाई मान्य नहुने सङ्घर्ष समितिका एक सदस्यले बताए।

# आङ्गिक क्याम्पसहरुको स्थलगत निरीक्षण

भरतपुर। कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरको उपकुलपति, 'रजिष्ट्रार' र 'डिन'सहितको पदाधिकारीको टोलीले विभिन्न चारवटा आङ्गिक क्याम्पसको स्थलगत निरीक्षण एवम् समस्याका बारेमा छलफल गरेको छ।

विश्वबिद्यालयका उपकुलपति प्राडा ऋषिराम कट्टेलका अनुसार कलेज अफ नेचुरल रिसोर्स म्यानेजमेन्ट सिन्धुली, कटारी, पाख्रिबास र बर्दिबास क्याम्पसमा विश्वविद्यालयको टोली आकस्मिक निरीक्षण गरेको हो।


ती चारवटामध्ये कटारीमा वन स्नातक अध्ययन अध्यापन हुन्छ भने तीन वटामा कृषि स्नातक तहको अध्ययन अध्यापन हुन्छ।

विद्यार्थी, प्रध्यापक, कर्मचारी र क्याम्पस प्रमुखसँग छुट्टाछुट्टै छलफल गरिएको उपकुलपति प्राडा कट्टेलले जानकारी दिए। उनले भने, ' ती क्याम्पसको भौतिक पूर्वाधार, गुणस्तरीय शिक्षा, विद्यार्थीको भर्ना, सुशासन, पारदर्शिता, जवाफदेहिता लगायतका विषयमा छलफल गरी सुझाव लिने र कतिपय समस्या तत्कालै समाधान हुने गरी आवश्यक निर्देशन भयो।'

उपकुलपति प्राडा कट्टेलसँगै रजिष्ट्रार प्राडा सुबिर सिंह, कृषि सङ्कायका डिन प्राडा सुन्दर तिवारी र वन सङ्कायका डिन प्राडा गान्दिप काफ्लेको टोलीले क्याम्पसहरुको अनुगमन गरेको हो। सो क्रममा नयाँ विद्यार्थी भर्नाका लागि आवश्यक प्रचारका लागि समेत आग्रह गरिएको छ। यस विश्वविद्यालयमा कृषि, वन, पशु चिकित्सा विज्ञान तथा पशुपालन र मत्स्य विज्ञानको स्नातक र सोभन्दा माथि अध्ययन अध्यापन हुन्छ।



धार्मिक तथा पर्यटकीय स्थलको अवलोकन गरौं।

● इच्छाकामना मन्दिर। ● लामो झरना। ● उपरदाङगढी। ● बालगौरी पाथिभरा। ● सिराईचुली ● गौरीखोला झरना। ● गुप्तेश्वर महादेव मन्दिर। ● पाथिभरा मंगलागौरी मन्दिर। ● चेपाङ गाउँ लगायतका धार्मिक तथा पर्यटकीय स्थलहरुको अवलोकनका लागि सम्पूर्ण जनसमुदायमा इच्छाकामना गाउँपालिका हार्दिक अनुरोध गर्दछ। आन्तरिक पर्यटनको प्रबर्द्धन गरौं।


दानबहादुर गुरुङ
अध्यक्ष एवम्
इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इच्छाकामना, चितवन


## फिल्म/मनोरञ्जन



# "बा: एक योद्धा", फिल्ममा फरकपन छ - सुहाना

काठमाडौं। अभिनेत्री सुहाना थापाको यस वर्षका लागि दोस्रो फिल्म 'बाः एक योद्धा' भदौ १९ गतेबाट प्रदर्शनमा आउँदैछ। यसमा उनले आफ्नो 'कम्फर्ट जोन'बाट बाहिर निस्किएर काम गरेकी छन्। अर्थात् उनी रोमान्टिक भूमिकामा छैनन्। उनले विवाहित छोरीको भूमिकामा अभिनय गरेकी छन्। फिल्ममा उनको आमाबुबाको भूमिकामा झरना थापा र दिव्यदेव छन्।

सुहाना फिल्मलाई फरकपन बोकेको फिल्मको रूपमा अर्थ्याउँछिन्। फिल्ममा आफ्नो पात्र पनि




फरक रहेको उनको भनाइ छ। भन्छिन्, 'हामी सबैलाई हाम्रो बाबा-आमाले हाम्रा लागि गरेको 'सेक्रिफाइज' (त्याग) याद हुन्छ। तर, हामी त्यसलाई बाबा-आमाका अगाडि भन्न सक्दैनौं। मेरो पात्रले मेरो लागि मेरो बुबाले कसरी 'सेक्रिफाइज' गर्नुभएको छ भनेर ' डिफाइन' गरिदिएको छ।'

'बाः एक योद्धा'को कथा दर्शकलाई आफ्नै जस्तो लाग्ने उनको विश्वास छ। 'फिल्ममा रमाइलो र 'कनेक्ट' गर्ने कुरा धेरै छन्। दर्शकलाई आफ्नै कथाजस्तो पनि लाग्न सक्छ। किनकि, फिल्ममा सन्तानका लागि बाबा-आमाले गरेको त्याग र संघर्षको कथा छ। यसैले सबै उमेरका दर्शकलाई फिल्म मनपर्नेमा विश्वस्त छु,' उनले भनिन्।

उनी फिल्ममा आफू काम गर्न तयार हुनुको पछाडि यसको कथा मुख्य कारण रहेको बताउँछिन्। 'फिल्ममा एउटा छोरीका लागि बुबाले गरेको जुन त्याग छ, मलाई त्यो कुराले काम गर्न लोभ जगाएको हो। फिल्ममा मेरो पात्रले नै कथालाई अगाडि बढाउँछ,' उनले भनिन्, 'फिल्मको बुबा र मेरो बुबा चाहिँ बिल्कुलै फरक हुनुहुन्छ। तर, इमोसन (भावना) चाहिँ फरक छैन।'

हरि लम्सालको लेखन तथा निर्देशनमा बनेको यस फिल्ममा सुहानासहित दिव्यदेव पन्त, झरना थापा, माओत्से गुरुङ, अनिल बुढाथोकी, सागर खनाल, शिशिर सिवाकोटी, सुप्रज्ञा शर्मालगायतका कलाकार हरूको अभिनय रहेको छ। फिल्मका निर्माता वसन्त लम्साल हुन्। शिवराम श्रेष्ठको छायाकंन रहेको फिल्ममा मित्र डी. गुरुङको सम्पादन तथा हरि लम्सालको संगीत छ।

# "माया भनेकै यस्तो होला"को गीतमा बहुप्रेम

'आचार्य'को टिजर रिलिज, एक्सन अवतारमा देखिए निखिल

काठमाडौं। अभिनेता निखिल उप्रेतीको निर्देशकीय कमब्याक फिल्म 'आचार्य'को एक्सनप्रधान टिजर सार्वजनिक गरिएको छ। ज्योतिषले जुराएको साइतअनुसार मंगलबार दिउँसो ३:०६ बजे सार्वजनिक टिजरले फिल्मको कथावस्तुबारे संक्षिप्त झलक प्रस्तुत गरेको छ। निखिललाई केन्द्रमा राखिएको टिजरमा अन्यायविरुद्ध लड्ने आचार्य पात्रको कथा समेटिएको छ।

टिजरको सुरुवात सञ्चारकर्मी संजोग बस्यालको ' भ्वाइस ओभर'बाट हुन्छ, जसमा सत्यको आवाज दबाइएपछि एउटा योद्धा जन्मिने प्रसंग उल्लेख छ। त्यसपछि निखिललाई एक्सन अवतारमा प्रस्तुत गरिएको छ। उनका प्याराग्लाइडिङदेखि बाइक स्टन्टसम्मका दृश्य टिजरमा समेटिएका छन्। फिल्ममा निखिल संस्कृतमा आचार्य गरेको पात्रको भूमिकामा रहेको टिजरले संकेत गर्छ।




झन्डै २ मिनेट लामो टिजरमा निखिलसहित पूर्णिका सिंजापति, प्रमोद अग्रहरी, सञ्जय गुप्ता, भारतीय कलाकारहरू दीपराज राणा र रघु बाबु पनि देखिएका छन्। भारतीय कलाकारको अभिनय र टिजरको एक दृश्यमा भारतको महाराष्ट्रको गाडी प्रयोग हुनुले फिल्मको कथा नेपाल-भारतसँग जोडिएको हुनसक्ने देखिन्छ। यद्यपि, टिजरमा कथावस्तु स्पष्ट पारिएको छैन।

निखिल उप्रेती प्रोडक्सनको प्रस्तुतिमा बनेको फिल्मको निर्मातामा कृष्ण भट्टराई रहेका छन्। फिल्ममा निखिल स्वयंको लेखन छ भने मनु विश्वकर्मा, नवराज कृष्ण थापा र सौरभ लामाको छायांकन, बन्दे प्रसादको सम्पादन, शुक्रराज शाहको द्वन्द्व निर्देशन, युग भुसालको संगीत तथा गम्भीर विष्ट र किरण थापाको नृत्य निर्देशन रहेको छ। यो फिल्म असोज ९ गतेबाट प्रदर्शनमा आउँदैछ। -फिल्मीखबरबाट।


न्यूज प्रवाह साप्ताहिक इ-पेपरमा
login : www.newsprabah.com
https://newsprabah.com/e-paper/

# भरतपुर अस्पतालमा स्वास्थ्यकर्मीलाई प्रशिक्षण

## सेवाग्राहीसँग शिष्ट व्यवहार गर्नुपर्नेमा जोड

भरतपुर। चितवनको पुरानो सरकारी अस्पताल भरतपुर अस्पताललाई हरियालीसँगै थप सेवाग्राही मैत्री बनाउने गरी काम अघि बढाइएको छ। बिरामीको उच्च चापको व्यवस्थापन गर्दै अस्पताल प्रशासनले चिकित्सक, कर्मचारीलाई सेवाग्राहीसँग गरिने व्यवहार राम्रो बनाउन अभिमुखीकरण कार्यक्रम सुरू गरेको छ।

बिरामीको सेवामा खटिने चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीलाई सेवाग्राहीसँग मीठो बोल्न र शिष्ट व्यवहार गर्न भनिएको छ। अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. विश्वबन्धु बगालेका अनुसार सबै विभागहरुमा व्यवहारलाई राम्रो गराउन अभिमुखीकरण गर्न थालिएको छ। तीन त्यस्ता कार्यक्रम गरी सकिएको छ। उनले भने, 'यहाँ आउने सेवाग्राहीलाई हामी सबैले राम्रो व्यवहार गरेर उपचार दिनुपर्छ भन्ने भावनाको विकास गरिरहेका छौं।'

कतिपय समयमा काम गर्ने क्रममा हुने व्यवहारका कारण समस्या आउने गरेको छ। यसैका कारण अस्पतालमा आउने सेवाग्राही र अस्पतालका चिकित्सक कर्मचारी बीचमा द्वन्द्व हुने गरेको छ। अस्पताल प्रमुख डा. बगालेका अनुसार अस्पतालमा उपचारका लागि आउने बिरामी तथा आफन्तले भोग्ने व्यवहार र अस्पतालको वातावरणले उपचार सेवाप्रतिका विश्वासमा समेत प्रभाव पार्दछ। उनले भने, 'चिकित्सक, नर्स तथा अन्य कर्मचारीलाई सेवाग्राहीसँग सम्मानजनक, सहयोगी र शिष्ट व्यवहार गर्न निर्देशन दिइएको छ। यसलाई नै प्राथमिकता दिँदै अभिमुखीकरण गरिएको हो।'

अस्पतालले स्वास्थ्य बिमा कार्यक्रममा प्रमुख लिलाधर पौडेलको संयोजकत्वमा 'हस्पिटल ब्युटिफिकेसन कमिटी' बनाएको छ। उनले यसले अस्पताललाई हरियाली, सफासँगै सेवाग्राही मैत्री बनाउन काम गर्ने बताए। वातावरणीय रुपमा सरसफाइसँगै हरियाली बनाउन, सेवाग्राहीसँग राम्रो व्यवहार गर्न, सहज रुपमा सेवा प्रवाह गर्न, पूर्वाधारलाई सुन्दर बनाउने जस्ता काम कमिटीले गरिरहेको छ।




अस्पताल प्रमुख डा बगालेका अनुसार चिकित्सक स्वास्थ्यकर्मीलाई राम्रो व्यवहारका लागि अभिमुखीकरण, कम्तीमा १५ दिनमा एक पटक अभियानका रुपमा पूर्ण सरसफाइ र शौचालयहरुमा सरसफाइको रेकर्ड बोर्डमा राख्ने जस्ता काम अस्पतालले थालेको छ। उनले उपचार मात्र नभएर यससँगसँगै रहेका धेरै काम जसले सेवाग्राहीलाई प्रभाव पार्न सक्छ त्यससम्बन्धी काममा ध्यान पुऱ्याइएको बताए।

समितिका संयोजक पौडेलका अनुसार अहिले १५ दिनको एकपटक बृहत्रुपमा सरसफाइ गरिँदै आइएको छ। अस्पताल परिसरमा एउटा बाल उद्यानसहित ६ साना उद्यानहरु छन्। दुबो लगाइएका ती उद्यानहरुमा हरियाली हुने बिरुवाहरु छन्। तिनीहरुको सरसफाइ, गोडमेल, छाँटकाँट जस्ता काम गरिँदै आइएको छ। यसका अतिरिक्त अस्पताल परिसरमा बिरुवाहरु लगाउने, छाँटकाँट, गोडमेल, भौतिक पूर्वाधार हरुमा रङ्गरोगन जस्ता कामहरु भइरहेका छन्।

यससँगै बिरामी र आफन्तहरु कुन भवनमा जाने हो त्यहाँ पुग्नका लागि सहज बनाउने काम भइरहेको छ। रङ्गहरुमार्फत सहजै जान चाहेको ठाउँमा पुग्ने गरी अस्पतालले व्यवस्थापन गर्दैछ। समितिका संयोजक पौडेलका अनुसार अस्पतालका कर्मचारीहरुबाट सेवाग्राहीसँगको व्यवहारमा सुन्दरता ल्याउने गरी काम भइरहेको छ। बिरामी र आफन्तहरुलाई अस्पतालभित्रका सूचना सहज बनाउने काम पनि गरिएको छ। शौचालयसहित अन्य ठाउँहरुमा सरसफाइको नियमित अनुगमनको काम पनि थालिएको छ। उनले भने, 'कम खर्चमा फरकपना दिलाउने गरी हामी काममा लागेका छौं।' अस्पताल प्रशासनले अगाडि रहेको पुरानो भवन भत्काएर त्यहाँ पानीका फोहोरा, ढुङ्गेधार, बगैंचा बनाउने तयारी गरेको छ। कोही अस्पताल आउँदा जति नै तनाव लिएर आए पनि यहाँ प्रवेश गरेपछि वातावरणीयरुपमा शान्त बनाउने गरी काम गरिरहेका छौं।'

बिरामीको उपचारसँगै उनीहरूले पाउने सम्मान, स्वच्छ वातावरण र सहज सेवा पनि अस्पतालको गुणस्तरको महत्त्वपूर्ण पक्ष भएकाले भरतपुर अस्पतालले सुरु गरेको यो अभियानले सेवा संस्कृतिमा सकारात्मक परिवर्तन ल्याउने अपेक्षा गरिएको छ। यस अस्पतालमा विभिन्न जिल्लाबाट बिरामी उपचारका लागि आउने गर्दछन्। एकै दिनमा तीन हजार ८०० जनासम्म बहिरङ्ग सेवामा बिरामीले अस्पतालबाट सेवा लिएको तथ्याङ्क छ।

## देवघाटको ...

देछेन थर्वालिङ बौद्ध गुम्बा देवघाटका सल्लाहकार शम्भु पाख्रिनका अनुसार यो समस्या कुनै एक वर्षको मात्र नभई धेरै वर्षदेखि दोहोरिँदै आएको हो। पटक-पटक सरोकारवाला निकायको ध्यानाकर्षण गराउँदा पनि सडकको स्तरोन्नति र कालोपत्रे गर्नेतर्फ ठोस पहल हुन नसकेको स्थानीयहरुको गुनासो रहेको उनले बताए।

वडा नं. १ अन्तर्गत रहेको सोही सडक निर्माणको मुख्य जिम्मेवारी वडाकै भएकाले महानगरसँग समन्वय गरेर अगाडि बढ्न वडाअध्यक्ष केशव महर्जनलाई आग्रह समेत गरेको उनले बताए। यद्यपि, वडा कार्यालयले बजेट अभावको बहाना बनाएर पन्छिन खोजेको आरोप उनको छ।

भरतपुर महानगरपालिका वडा नं. १ का अध्यक्ष केशव महर्जनले सडक निर्माणका लागि पहल भइरहेको बताए। "उक्त सडक निर्माणका लागि ठूलो बजेट लाग्ने भएकाले वडाको सीमित स्रोत-साधनबाट मात्रै निर्माण गर्न कठिनाइ भएको हो," महर्जनले भने, "ठूलो बजेट चाहिने भएकाले अब प्रदेश र सङ्घीय सरकारको सहयोगका लागि पहल भइरहेको छ।"

विभिन्न मठ-मन्दिर तथा सङ्घ-संस्थामा बजेट विनियोजन गरेजस्तै यो महत्त्वपूर्ण सडक निर्माणका लागि पनि सबै पक्ष एकजुट भएर अगाडि बढ्नुपर्ने उनको आग्रह छ।

भरतपुर महानगरपालिका, वडा कार्यालय तथा सम्बन्धित विकास निर्माणका निकायहरूलाई यस विषयमा गम्भीर बन्न र उक्त १ किलोमिटर सडक खण्डको शीघ्र मर्मत तथा कालोपत्रे गरी आवतजावत सहज बनाइदिन स्थानीयवासीले जोडदार माग समेत गरेका छन्।

## बकुलहर ...

०८१ मा ७५५ जना, आव २०८१-०८२ मा ७५२ जना र गत आवमा ९२५ जनाले प्रसूति सेवा लिएका थिए।

अस्पतालमा प्रसूति सेवा सुरु भएपछि यस क्षेत्रका महिलालाई भरतपुर अस्पतालसम्म आउनुपर्ने बाध्यताको अन्त्य भएको छ।

यस अस्पतालमा आएका बिरामीको गत आवमा एक हजार २७१ जनाको गम्भीर शल्यक्रिया गरिएको छ। आव २०८१-०८२ मा एक हजार ३४ जनाको र आव २०८०-०८१ मा एक हजार १८० जनाको गम्भीर शल्यक्रिया गरिएको थियो।

## विपन्नकी ...

गरिएको थियो। समुदाय र संगठनप्रति पुऱ्याएको योगदानको कदरस्वरूप उनलाई सम्मान गरिएको बताइएको थियो।

विशेषगरी चेपाङ समुदायका बस्तीमा शिक्षा, स्वास्थ्य, रोजगारी र खाद्य सुरक्षासँग सम्बन्धित चुनौतीहरू लामो समयदेखि रहँदै आएका छन्। चेपाङ समुदायसँग प्रत्यक्ष सम्पर्कमा रहेर काम गर्दै आएकी लोप्चन स्थानीय तहदेखि विभिन्न सामाजिक संघसंस्थासम्म परिचित हुँदै गएकी छन्।

**सामाजिकसाथै राजनीति सक्रियता**

रेखा तामाङ लोप्चन सामाजिक गतिविधिसँगै युवा संगठन तथा राजनीतिक क्षेत्रमा पनि सक्रिय छिन्। सन् २०२५ मा नेकपा (एकीकृत समाजवादी) निकट युवा संगठनमा गठन गरिएको समानान्तर केन्द्रीय कमिटीमा पनि गोरखाकी लोप्चनको नाम समावेश थियो।

विपन्न तथा असहाय नागरिकका समस्या प्रत्यक्ष रूपमा उठाउने र उनीहरूसम्म पुगेर सहयोग गर्ने प्रयासले उनको सार्वजनिक भूमिकालाई थप फराकिलो बनाएको छ।

समाजमा सकारात्मक परिवर्तन ल्याउन ठूलो पद वा ठूलो स्रोत नै आवश्यक पर्छ भन्ने छैन भन्ने सन्देश उनको गतिविधिले दिएको छ। आफूले सकेको सहयोग गर्ने, समस्यामा परेका नागरिकको कुरा सुन्ने र आवश्यकता परेको ठाउँमा उपस्थित हुने संस्कार नै सामाजिक सेवाको महत्वपूर्ण आधार बन्न सक्ने उनको सक्रियताले देखाएको छ।

**कृषिमा व्यवसायको थालनी**

पछिल्लो समय रेखाले आफ्नै प्रयास र लगानीमा ९ रोपनी जग्गामा कृषि व्यवसायसमेत सुरु गरेकी छन्। देशमै बसेर केही गर्ने उद्देश्यका साथ उनले आफ्नो गृह जिल्लामा औषधीय गुणले भरिपूर्ण मानिने कालो बेसारको व्यावसायिक खेती सुरु गरेकी हुन्।

हाल उनको फार्ममा कालो बेसारको खेती भइरहेको छ। कृषि व्यवसायमार्फत आफ्नो भविष्य निर्माण गर्ने लक्ष्यसँगै उनले स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने प्रयाससमेत गरेकी छन्। उनको फार्ममा गाउँका आर्थिक अवस्था कमजोर भएका आठ जना महिलाले रोजगारी पाउँदै आएका छन्।

रेखा तामाङ लोप्चनका अनुसार कृषि व्यवसायलाई केवल व्यक्तिगत आम्दानीको माध्यमका रूपमा नभई गाउँमै रोजगारी सिर्जना गर्ने र स्थानीय समुदायको आर्थिक अवस्था सुधारमा योगदान पुऱ्याउने माध्यमका रूपमा अघि बढाउने उनको उद्देश्य छ।

आफ्नै ठाउँमा सम्भावना खोज्दै उनले सुरु गरेको यो प्रयासले गाउँमै बसेर कृषि क्षेत्रमा केही गर्न चाहने अन्य युवालाई समेत प्रेरणा दिने विश्वास गरिएको छ।

देशमै बसेर इमानदारीपूर्वक केही गर्न चाहने युवालाई निरुत्साहित गर्नुको सट्टा हौसला, प्रोत्साहन र साथ दिनुपर्ने लोप्चनको भनाइ छ। स्थानीय स्रोत, साधन र जमिनको सदुपयोग गर्दै कृषि क्षेत्रमा युवाको आकर्षण बढाउन सके स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न सकिने उनको विश्वास छ।

सामाजिक सेवासँगै उद्यमशीलताको बाटो रोजेकी लोप्चनको यो प्रयासले स्थानीय स्तरमै केही गर्ने चाहना राख्ने युवाका लागि उदाहरणसमेत प्रस्तुत गरेको छ।

Babilal Tamang
: 9845067414
NP newsprabah.com
न्यूजप्रवाह Newsprabah weekly साप्ताहिक
B. & B. MEDIA NETWORK Pvt. Ltd.
Narayangarh, Chitwan, Off.: 9827201714
Services :
- Advertisement
- Color Print
- Computer Type
- Bill / Rasid print
- Wedding Card
- Pri-ink Nylon Stamp
- Visiting card
- Magzine Design
- Number Plate
All Kinds of Printings and Advertisement Purpose.
: blglan530265@gmail.com, newsprabah@gmail.com

### महत्वपूर्ण टेलिफोन नम्बरहरू

**आकस्मिक एम्बुलेन्स सेवा**

| | |
|---|---|
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैंडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैंडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |

**अस्पताल काठमाडौं**

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |

**अस्पताल चितवन**

| | |
|---|---|
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |

**प्रहरी प्रशासन**

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैंडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |

**पत्रपत्रिका/सञ्चार**

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

न्यूजप्रवाह Newsprabah weekly साप्ताहिक

## साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** — यो साता धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ। शेयर बजार तथा आर्थिक कारोबारमा सफलता मिल्नेछ। टाढा रहेका साथीभाइहरूसँग मनोरञ्जक भेटघाट हुनेछ। नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ।

**वृष** — यो साता प्यारो साथी सँग भेट हुनेछ। रमाइलो यात्राको योग रहेको छ। साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। प्रेम प्रस्तावसमेत प्राप्त हुनसक्छ। विपरीत वर्ग प्रति आकर्षण बढनेछ।

**मिथुन** — यो साता रमणीय, सुखद र धार्मिक यात्राको योग छ। इष्टमित्र एवं साथीभाइहरूसँग भेटघाट हुनेछ। सामाजिक कार्यमा रुचि बढनेछ। शुभकार्यको चर्चा पनि चल्नेछ। मध्य सातामा मन खिन्न हुने स्थिति आउनेछ र बढी धन खर्च होला।

**कर्कट** — यो साता नसोचेको ठाउँबाट धनागम हुनेछ। आज धार्मिक कार्यमा रुचि बढनेछ। शेयर बजारको लगानी र कारोबारमा सफलता मिल्नेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। जुक्ति र बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ।

**सिंह** — रोकिएका काम पुनः सुरु हुन सक्छन। कार्य सम्पादनमा सहजता मिल्नेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ र शुभ कार्यको योजना समेत बन्नेछ। साताको उत्तरार्ध बाट नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। गरेका काममा पनि ढिलासुस्ती हुने देखिन्छ।

**कन्या** — यो साता रमणीय र सुखद यात्राको योग छ। कहीँकतैबाट कुनै उपहार प्राप्त होला। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ।

**तुला** — यो साता शैक्षिक क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ। नयाँनयाँ व्यक्तिसँग भेटघाट हुने छ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ। यो साताका लागि शुभ अङ्क २,५ र शुभ रङ्ग पहेँलो वा सेतो हो।

**वृश्चिक** — आफूलाई कमजोर भएको अनुभूति हुनेछ। महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला। ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। साताको उत्तरार्ध बाट नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ। साझेदारीको कार्यबाट राम्रो प्रतिफल प्राप्त मिल्नेछ। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ।

**धनु** — यो साता नयाँ कार्यको थालनी हुनेछ। अधुरा र रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ। रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ। अरूलाई प्रभावित पारेर काम बनाउन सकिनेछ। सहयोगीहरूले काममा साथ दिनेछन।

**मकर** — शुभ समाचार सुन्न पाइएला। छोटो दुरीको लाभदायक यात्रा हुनेछ। उन्नति एवं प्रगतिको वातावरण बन्नेछ भाग्यले विभिन्न अवसर जुराउनेछ। मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ।

**कुम्भ** — यो सातामा नयाँ कार्यको प्रारम्भ गर्न सकिनेछ। माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन। पारिवारिक भेटघाट हुनुका साथै इस्टमित्रहरूसँग पनि मेलमिलाप हुनेछ।

**मिन** — यो साता नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। निर्णायक क्षमतामा कमी आउनेछ। भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला। मध्य साताबाट भने लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ। शुभकार्यको चर्चा चल्नेछ।

# मन्त्री बने चितवनका सांसद् गिरबहादुर तामाङ

भरतपुर । चितवन क्षेत्र नं ३ (क) बाट निर्वाचित राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद् तथा प्रदेशसभा संसदीय दलका उपनेता गिरबहादुर तामाङ बागमती प्रदेशको स्वास्थ्य तथा सामाजिक विकासमन्त्री नियुक्त भएका छन् ।



मुख्यमन्त्री किरण थापामगरले बिहीबार तामाङलाई मन्त्री नियुक्त गरेका हुन् । नियुक्तिसँगै तामाङले प्रदेश प्रमुखसमक्ष पद तथा गोपनीयताको शपथ लिएका छन् ।

मुख्यमन्त्री थापामगर नेतृत्वको विस्तारित मन्त्रिपरिषद्मा तामाङसहित छ जना नयाँ मन्त्रीले बिहीबार शपथ लिएका छन् ।

सरल सहयात्री पौडेललाई आर्थिक मामिला तथा योजना, भरत केसीलाई भौतिक पूर्वाधार विकास, राजेन्द्र प्रजापतिलाई उद्योग, पर्यटन, श्रम तथा यातायात र राजु विष्टलाई खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

ज्ञानबहादुर तामाङले भने विनाविभागीय मन्त्रीका रूपमा शपथ लिएका छन् । प्रदेशसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र राप्रपाको समर्थन जुटाएर बहुमतको आधार प्रस्तुत गरेपछि प्रदेश प्रमुखले थापामगरलाई मुख्यमन्त्री नियुक्त गरेका थिए ।




# अङ्कुरम्मा १ हजार ३ सय बढीको दन्त परीक्षण

भरतपुर । भरतपुर-७, कृष्णपुरमा रहेको स्थित अङ्कुरम् एकेडेमीमा आयोजित दुईदिने बृहत् दन्त शिविरमा एक हजार ३४३ जनाले सेवा लिएका छन् ।

विद्यालयको स्वास्थ्य तथा कल्याण विभागको आयोजना तथा चितवन मेडिकल कलेज (सिएमसी) को प्राविधिक सहयोगमा सञ्चालित शिविरमा विद्यार्थी तथा शिक्षक-कर्मचारीको दन्त परीक्षण गरिएको थियो । विद्यालयमा अध्ययनरत बालबालिका तथा कार्यरत शिक्षक-कर्मचारीको मुख तथा दन्त स्वास्थ्यको अवस्थाबारे जानकारी लिने, आवश्यक परामर्श प्रदान गर्ने र समयमै थप उपचारका लागि सचेत गराउने उद्देश्यले शिविर सञ्चालन गरिएको हो ।





मुख स्वास्थ्यको प्रत्यक्ष सम्बन्ध समग्र शारीरिक स्वास्थ्य, आत्मविश्वास तथा दैनिक जीवनको गुणस्तरसँग जोडिएको तथ्यलाई मध्यनजर गर्दै विद्यालयले दन्त शिविरलाई आफ्नो वार्षिक स्वास्थ्य कार्यक्रमअन्तर्गत समावेश गर्दै आएको स्वास्थ्य तथा कल्याण विभागकी प्रमुख निर्देशक सरला पौडेलले जानकारी दिइन् ।

उनका अनुसार विशेषगरी बालबालिकालाई सानै उमेरदेखि मुख तथा दाँतको उचित हेरचाह गर्ने बानीको विकास गराउनु आवश्यक छ । नियमितरूपमा दाँत माझ्ने, स्वस्थकर खानपान अपनाउने तथा समय-समयमा दन्त परीक्षण गराउने बानीले भविष्यमा देखा पर्नसक्ने विभिन्न दन्त समस्यालाई न्यूनीकरण गर्न सहयोग पुग्ने उनले बताइन् । शिविरमार्फत विद्यार्थीलाई दन्त स्वास्थ्यसम्बन्धी आवश्यक जानकारी तथा सचेतना पनि प्रदान गरिएको थियो ।

चितवन मेडिकल कलेजको डेन्टल विभागका प्रमुख डा. उपासना देवको नेतृत्वमा रहेको सात सदस्यीय चिकित्सक टोलीले दुई दिनसम्म विद्यार्थी तथा शिक्षक-कर्मचारीको दाँत र मुखको परीक्षण गरेको थियो । परीक्षणका क्रममा अधिकांश साना विद्यार्थीमा दाँत किराले खाने समस्या देखिएको छ । यस्तै, ठूला विद्यार्थीहरूमा दाँत बाङ्गोटिङ्गो हुने तथा दाँतको उचित व्यवस्थापन आवश्यक पर्ने समस्या बढी देखिएको थियो ।

चिकित्सकका अनुसार चकलेट, बिस्कुट, मिठाइँ तथा अन्य बढी गुलिया र दाँतमा टाँसिने खानेकुराको अत्यधिक सेवन, मुख तथा दाँतको कमजोर सरसफाइ, फ्लोराइडको कमी र मुख सुख्खा हुनेलगायत कारणले दाँत किराले खाने समस्या देखा पर्न सक्छ । त्यसैले खानेकुरा खाएपछि मुख सफा गर्ने, दिनमा कम्तीमा दुईपटक सही तरिकाले दाँत माझ्ने तथा नियमित दन्त परीक्षण गराउने बानी अपनाउन चिकित्सक टोलीले सुझाव दिइएको छ ।

दन्त परीक्षणपछि गम्भीर प्रकृतिका समस्या देखिएका आठ जना विद्यार्थी तथा थप परीक्षण वा उपचार आवश्यक रहेका करिब ५० जना विद्यार्थीलाई विशेषज्ञ उपचारका लागि रिफर गरिएको विद्यालयले जनाएको छ । विद्यालयले भविष्यमा पनि विद्यार्थीको शारीरिक, मानसिक तथा समग्र स्वास्थ्यलाई प्राथमिकतामा राख्दै यस्ता स्वास्थ्यसम्बन्धी कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

# तीन सवारी ठोक्किँदा एक जनाको मृत्यु, एक घाइते

भरतपुर । भरतपुर महानगरपालिका-१, आँपटारीमा आइतबार बिहान तीनवटा सवारीसाधन एकापसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ । अर्का एक जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी चन्द्रभूषण यादवका अनुसार नारायणगढबाट रामनगरतर्फ गइरहेको मोटरसाइकल विपरीत दिशाबाट आएका ट्रक र कार एकापसमा ठोक्किएको थियो ।

दुर्घटनामा मोटरसाइकल चालक भरतपुर महानगरपालिका-१३ का २१ वर्षीय सन्देश विष्टको मृत्यु भएको हो ।

दुर्घटनामा गम्भीर घाइते भएका विष्टको चितवन मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको हो । मोटरसाइकलमा सवार तनहुँको भानु नगरपालिका-७ का १९ वर्षीय पुकार श्रेष्ठको सोही अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । प्रहरीले दुर्घटनामा संलग्न सवारी चालक र सवारीसाधन नियन्त्रणमा लिएको जनाएको छ ।







